# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, कात्तिक २२ गते २०४२ साल (अतिरिक्ताङ्क ३७

## भाग ३

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (१) अनुसार नेपाल राष्ट्र बैङ्कले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रू. १०।– (दश) दरको नेपाली नोट मिति २०४२ साल कार्तिक २२ गतेदेखि चलन चलतीमा ल्याउन नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १८ को उपदफा (५) र (६) बमोजिम श्री ५ को सरकारबाट स्वीकृति दिइएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

नोटको दरः– रूपैयाँ दश

नोटको आकार प्रकार निम्नबमोजिम छः–

| | |
|---|---|
| (१) नोटको लम्बाइ– | १३३ मि. मि. |
| (२) नोटको चौडाइ– | ७० मि. मि. |
| (३) कागज– | शत प्रतिशत कटन |
| (४) मुख्य रङ्ग– | हल्का नीलो र हल्का हरियो मिश्रित |
| (५) बोर्डर– | फिका नीलो तथा खैरो इन्द्रेणी रङ्ग |

(६) सुरक्षणको लागि कागजभित्र धातुको धागो (तार) राखिएको छ ।

नोटको अगाडिपट्टिः–

(क) नोटको बायाँपट्टि श्री ५ महाराजाधिराज सरकार दाहिनेतर्फ नजर होइबक्सेको राजकीय पोशाकसहित श्रीपेच पहिरिबक्सेको आवक्ष चित्र अङ्कित छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नोटको मध्य भागमा गुलाफी रङ्गको गरुड नारायणको चित्र अङ्कित छ ।

(ग) नोटको दायाँ भागमा श्रीपेचको पानीचित्र रहेको छ । त्यसको माथिपट्टि मुद्राको अल्पाकार छापिएको छ । मुद्राको अल्पाकार चित्रभन्दा दायाँ कुनामा अंग्रेजी अङ्कमा 10 छापिएको छ ।

(घ) नोटको बीचको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्द मुनि "श्री ५ को सरकारको जमानत प्राप्त यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ १० रूपैयाँ दश तुरुन्त पाइनेछ ।" भन्ने शब्दहरू छापी त्यसभन्दा तल नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री गणेशबहादुर थापाको दस्तखत छापिएको छ ।

(ङ) नोटको बायाँतर्फ माथिल्लो कुनामा नेपाली अङ्कमा १० छापिएको र नोटको तल्लो भागको दायाँ र बायाँ कुनामा नोटको क्रमिक साँकेतिक अक्षर र अङ्कसहितको नम्बर राखिएको छ । यस नोटको क्रमिक नम्बर $\frac{\text{ख}}{\text{२६}}$ ०००००१ देखि शुरू हुन्छ ।

नोटको पछाडिपट्टिः–

(क) नोटको मध्य भागमा जङ्गलको पृष्ठभूमिमा बायाँ फर्केर उभिएको १, अगाडि फर्केर उभिएको १ र बसेको १ समेत ३ कृष्णसागरको चित्र अङ्कित छ । त्यसभन्दा माथि नेपाल राष्ट्र बैङ्कको चिह्न छापिएको छ ।

(ख) नोटको दायाँतर्फ नेपालको निशाना छाप अङ्कित छ ।

(ग) बायाँपट्टि माथिल्लो कुनामा नेपाली अङ्क १० र दायाँपट्टि कुनामा अंग्रेजी अङ्क 10 छापिएको छ । तल्लो भागको बायाँपट्टि रूपैयाँ दश र दायाँपट्टि RUPEES TEN छापिएको छ ।

द्रष्टव्यः– यसभन्दा पहिले चलन चल्तीमा रहेको रू. १०।– दरका नोटहरू यथावत कानून ग्राह्य रहनेछन् र यी नयाँ ढाँचाको रू. १०।– दरको नोटहरू सँगसँगै चलन चल्तीमा रहनेछन् ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

L2E